# खबरमा छु प्रिय !

मुक्तकसङ्ग्रह

शकुन ज्ञवाली

# खबरमा छु प्रिय!

मुक्तकसङ्ग्रह


मुक्तककार : **शकुन ज्ञवाली**

प्रकाशक : **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज**

भूमिका : **तीर्थराज अधिकारी**

सम्पादन : **रमेश दाहाल**, ९८४१२६५२४२



सर्वाधिकार : **©मुक्तककारमा**



संस्करण : **पहिलो**, २०८०

प्रति : **५००**

मूल्य : ने. रु. ३५१।–

# समर्पण

सम्पूर्ण प्रिय मुक्तकमनहरूमा
यो कृति समर्पण गर्दछु !

अँध्यारो बादल धेरै देखेँ खुलेको आकाश देख्न मन छ
काँडाले मात्रै कोपी राख्यो फूलमाथि अब टेक्न मन छ
एकैनासको भोगाइ हजुर एकैनासकै दौडाइ उस्तै
ए जिन्दगी अब मलाई नयाँ कहानी लेख्न मन छ।

एक्लो देखी नहेप कसैलाई धेरै हन्डर खाएका हुन्छन्
जीवन के हो तिनले पनि राम्ररी भोग्दै आएका हुन्छन्
तिम्रापछि भीड लाग्दैमा आफूलाई महान् नसम्झ तिमी
ती तिम्रा भीडका धेरै मान्छे स्वार्थले पछि लाएका हुन्छन्।

हिजो कुरा काटेकाहरू पनि मुखले ठिक्क पार्न आउँछन्
हिजो टाढिएकाहरू नै आज सम्बन्ध नजिक सार्न आउँछन्
तपाईंले प्रगति गर्नुभयो भने नौटङ्की नै छ हाम्रो समाज
हिजो तपाईंको खुट्टा तान्नेहरू नै आज धाम मार्न आउँछन् ।

सबै कुरा बिर्सिए पनि बाआमाले सिकाएको ज्ञान बिर्सन्न
केटाकेटीमा नयाँ लुगा लगाई गाउँ डुलेको बिर्सन्न
जस्ताको पनि आउँछ दिन हेप्नु हुँदैन कसैलाई पनि
सब कुरा बिर्सन्छ मान्छे आफूलाई गरेको अपमान बिर्सन्न ।

घरको माया कस्तो भन्ने डेरा सर्दा थाहा पाएँ
पानी कत्ति चिसो भन्ने खोली तर्दा थाहा पाएँ
सुखी हुँदा सबैजना मेरै नै हुन् जस्तो लाग्थ्यो
दुनियाँ कस्तो भन्ने कुरा दुःख पर्दा थाहा पाएँ ।

तिम्रो सर्टको बटमसमेत फुट्न दिन्न नारी
गृहस्थीको रथको पाङ्ग्रा छुट्न दिन्न नारी
यदि असल श्रीमती छ भने तिम्रो साथमा
कहिले पनि श्रीमान्लाई टुट्न दिन्न नारी ।

बोल्दाखेरि सभ्य अनि शिष्ट बन्न जान्नुपर्छ
आफ्नो अक्कल नपुगेमा अरूले भन्या मान्नुपर्छ
पुल पनि पर्खाल पनि ढुङ्गाले नै बन्छ हजुर
पुल बन्ने कि पर्खाल बन्ने आफूले नै छान्नुपर्छ ।

नेपथ्यमै हराउन मन लाग्छ कहिलेकाहीँ त
त्यसै बर्बराउन मन लाग्छ कहिलेकाहीँ त
कति सधैँ मन पराउनु अर्कालाई मात्रै
आफैँलाई मन पराउन मन लाग्छ कहिलेकाहीँ त ।

खहरे मात्रै हो गड्गडाउने नदी शान्त बहन्छ सधैँ
ज्ञानी मानिस झगडा गर्दैन बरू चुपचाप सहन्छ सधैँ
अर्को चुपचाप बस्या देख्दा डराएको ठानी हाल्ने
मुर्खलाई त मैले जितेँ भन्ने भ्रम रहन्छ सधैँ ।

कहिलेकाहीँ त लाग्छ हजुर न्याउलीजस्तै हुने गर्छु
कल्पनामा घरको आँगन त्यही मूलबाटो छुने गर्छु
देश छोडे हिँडेको म गफ लगाएजस्तो लाग्ला
नपत्याउलान् कोहीले तर नेपाल सम्झी रूने गर्छु ।

कयौँ सपना जिन्दगीका टुटी गए हिँड्दा हिँड्दै
कल्पनाका फोहोरा ती फुटी गए हिँड्दा हिँड्दै
जीवन जिउने सङ्घर्षका उकाली र ओरालीमै
मिठा याद कयौँ खुशी छुटी गए हिँड्दा हिँड्दै ।

कसैको नि भित्री मन त छामिँदैन, टेकिँदैन
मुखले सबै मिठै बोल्छन्, मन कसैको देखिँदैन
सबैभन्दा गाह्रो हजुर मान्छै चिन्नै हुँदोरैछ
को मानिस कस्तो हजुर निधारैमा लेखिँदैन ।

असल मानिस कहिल्यै आफनो गुनगान आफैँ गाउँदैन क्यारे
अर्कालाई खेदेर हजुर कसैले तक्मा र पुरस्कार  पाउँदैन क्यारे
भाग्यमा भा'को खोसेर लान सक्दैनन् जतिसुकै गरे नि खेदो
भाग्यमै नभाको कसैको दयाले हाम्रो पोल्टामा आउँदैन क्यारे ।

अरुले नचिने नचिनून् मलाई तर मेरो बैँसी गामले चिनून्
अर्काले उचालेर होइन मलाई मेरै आफ्नै कामले चिनून्
यसको नातेदार उसको नाता अर्काको साइनोले हुँदै होइन
बरू मलाई  थोरैले  चिनून् तर मेरो आफ्नै  नामले चिनून्  ।

आफन्तले भन्ने गर्छन् अमेरिका छस् भनी
चुपचाप केही नबोली हाँसिदिन्छु म नि
अमेरिका, अमेरिका कस्तो रै'छ स्वर्ग
तिनको पनि लागोस् भिषा थाहा पाउँथे अनि ।

मूलबाटोमा नसम्झे नि खोली तर्दा सम्झनू है
खुशी हुँदा नसम्झे नि दुःख पर्दा सम्झनू है
कुनै बेला नजिक थियौं आज टाढा भए पनि
हाँस्दाखेरि बिर्से पनि आँसु झर्दा सम्झनू है ।

न त तँच्छाड मच्छाडले हिँडियोस् न त तानातानले हिँडियोस्
न त घमण्ड बोकेर हिँडियोस् न त अभिमानले हिँडियोस्
अर्काले तानेर होस् या धकेलेर एक पाइला हिँड्न नपरोस्
बरु अरुभन्दा केही पछि हिँडियोस् तर सधैँ सानले हिँडियोस् ।

दुःख-सुख भन्नु दुई किनाराझैँ वारिपारि नै हुँदो रै'छ हजुर
आँसु बगाउनु पनि हाँसो पनि हाराहारी नै हुँदो रै'छ हजुर
जिम्मेवारीले थिचेपछि न थाक्न पाइन्छ न सुस्ताउन कतै
सबभन्दा ठूलो औषधि भन्नु त जिम्मेवारी नै हुँदो रै'छ हजुर ।

थाहा छैन कस्तो मौका समाउनका लागी हिँडिरहन्छु
भविष्यको खुशी खोजी रमाउनका लागि हिँडिरहन्छु
न त खुशी मैले किन्न सक्छु न त आँसु नै बेच्न सक्छु
तर पनि खै दिनैभरि म कमाउनका लागि हिँडिरहन्छु ।

मित्रतामा ए हजुर न कहीँ गते हुन्छ न कहीँ बार हुन्छ
जति जति दिन बित्छ झन् झन् प्रेम लगातार हुन्छ
मित्रताको अर्थ नबुझ्नेले उडाउलान् खिल्ली तर
सच्चा मित्र छन् भने हजुर जीवन जिउने आधार हुन्छ ।

म सधैँ नम्र बोल्छु हजुर झुकेको नसम्झनू होला
अरूसामु निहुरिन्छु सधैँ चुकेको नसम्झनू होला
चर्काचर्की तँ तँ म म मन पर्दैन कत्ति मलाई
आफ्नै परिधिमा रमाउँछु लुकेको नसम्झनू होला ।

केटाकेटीमा तिनै बारीका पाटोमा खेलेर हुर्कियौँ
डगर गल्ली अनि तिनै मूलबाटोमा खेलेर हुर्कियौँ
घमण्ड किन गर्नु र आज जुन ठाउँमा पुगे पनि
आखिर हामी सबै धुलो माटोमा खेलेर हुर्कियौँ ।

वरिपरि यिनै छन् र मुस्कुराउँछु यिनकै लागि
कठीन यात्रा जिन्दगीको म धाउँछु यिनकै लागि
एकान्तमा रोए पनि बाहिर खुशी देखिन्छु म
आफूलाई म साहसिली बनाउँछु यिनकै लागि ।

औंला भाँची गन्छु जिन्दगी नाफा र घाटाले धेरै सिकायो
विगतलाई फर्केर हेर्ने गर्छु चोट र खाटाले धेरै सिकायो
दौडेर उचाइ छुन्छु भन्ने आसै छैन तर पनि दौडिरहन्छु म
किनकि मलाई दिनहुँ हिँड्ने यिनै बाटाले धेरै सिकायो ।

तलाउले डुबाउन खोज्दा पखाल्दियो फोहोर मेरो
दुश्मनले खुब दाउ खेले बिगार्नलाई पोहोर मेरो
झन् झन् राम्रो मात्रै भयो मलाई शत्रु ला'का बेला
सुनकै भाउमा बिक्यो हजुर फलामैको मोहोर मेरो ।

सधैँ रिझाउन सकिँदैन कोहीलाई चाकडी कसैको खास नगर
आफनो कर्तव्य गर सधैँ तर अर्काबाट कहिल्यै आस नगर
जिन्दगीले मलाई यहाँसम्म आउँदा यौटा कुरा राम्ररी सिकायो
माया र स्नेह गर सबैलाई तर जो पायो उसलाई विश्वास नगर ।

अर्काको कुरा काटी ठूलो मान्छे भइँदैन
अर्कालाई खसालेर उचाइमा त गइँदैन
अरूको प्रशंसा गरौँ बरू ताली पाइएला
अर्को बिगार्छु भन्दा आफू कहीँको रहिँदैन ।

सपनामा झल्झली त्यही जुनेली रात देखेँ
तिमी र म अघिपछि हामी दुवै साथ देखेँ
विपनाझैँ लाग्यो प्रिय ! मूलबाटोको माथिपट्टि
तिम्ले हाम्रो नाम लेखेको केतुकीको पात देखेँ ।

उनको दिलमा नमेटिने छाप हुन मन छ
औँला भाँची उनले गन्ने हिसाब हुन मन छ
के बन्ने मन छ तिमी भनी सोधून् कुनै दिन
पढेदेखि उनले पढ्ने किताब हुन मन छ ।

सानै कुरा पाए भने बाहिरी सल्बलाइदिन्छन्
बन्न थाल्या कामसमेत त्यसै खलबलाइदिन्छन्
नखोल्नू है कसैसामु तिम्रो गन्तव्यको नक्सा
धेरैलाई सोध्यौ भने बाटै अल्मलाइदिन्छन् ।

जिन्दगी त बर्खाको बिस्कुनजस्तै भा'छ
उहीँ उठाउँछु उहीँ पोर्छु यति मलाई था'छ
यो गर्छु र त्यो गर्छु सोच्थ्यो सधैँ मनले
गर्न केही सक्या छैन उमेर मात्रै गा'छ ।

कहिले आँसु कहिले हाँसो रीत जिन्दगीको
तिमीसँगै गाएँ मैले गीत जिन्दगीको
तिमी मेरो सबै सबै भन्नै के पऱ्यो र
तिमीसँगै साटेँ मैले प्रित जिन्दगीको ।

जहाँ तिमीले छोडेका थ्यौ त्यही भिरमा छु अझै
जुन तिमीले दिएका थ्यौ त्यही पिरमा छु अझै
तिमी गयौ हात छुटाई नचिनेझैँ गरी मलाई
जुन दोभानमा छोडेका थ्यौ त्यही तिरमा छु अझै ।

कोही भन्छन् मलाई यो त अरूभन्दा खास छ
कोही भन्छन् यसको मुखमा सरस्वतीको बास छ
म त भन्छु त्यस्तो ममा छैन केही विशेष
मसँग नि अरूको झैँ त्यही एक मुठ्ठी सास छ ।

लाग्छ तिमी र म एउटै सफरमै भए हुन्थ्यो
लाग्छ तिमी र म एउटै शहरमै भए हुन्थ्यो
तिमीलाई हेरी अघाउँदैनन् यी नयनहरू मेरा
लाग्छ तिमी सधैँ मेरो नजरमै भए हुन्थ्यो ।

कहाँ बिर्सन सक्छु र म त्यो मूलबाटो गुल्मीको
कहाँ बिर्सन सक्छु र म त्यो मोही र आँटो गुल्मीको
जहाँ जाउँ जहाँ घुमुँ सबैभन्दा प्यारो मलाई
कहाँ भुल्न सक्छु र म जन्मिएको त्यो माटो गुल्मीको।

व्यवहारले नै कोही फूल कोही काँडा हुँदै जान्छन्
निःस्वार्थ मनले नजिकिएका झन् झन् गाढा हुँदै जान्छन्
तपाईंको गल्तीविना नै कोही टाढिए चिन्ता नगर्नू कत्ति
स्वार्थका लागि नजिकिएकाहरू बिस्तारै टाढा हुँदै जान्छन् ।

यति र उति मान्छे छन् मेरा भन्दै औँलामा गनेर के गर्नु
पिँठ्युमा छुरा रोप्न खोज्नेसँग आफू नजिक बनेर के गर्नु
जसले कहिल्यै घात गर्दैन त्यस्तो पो बल्ल आफ्नो हजुर
जो दुश्मनले झैँ व्यवहार गर्छ उसलाई आफ्नो भनेर के गर्नु ।

अक्षर अक्षर बटुलेर गाँस्न सिकेँ मैले
अक्षरसँग खेल्दाखेल्दै हाँस्न सिकेँ मैले
अक्षर कोर्न नजान्या भए टुटी सक्थेँ होला
अक्षरले नै ऊर्जा दियो बाँच्न सिकेँ मैले ।

म त कागज उही थिएँ फेराइ मात्र फरक भयो
मलाई गर्ने शङ्का अनि घेराइ मात्र फरक भयो
मानिसहरू भन्ने गर्छन् अचेल मलाई बदलियौ
म त मान्छे उही थिएँ हेराइ मात्र फरक भयो ।

मान्छेलाई नरम बोलीले जस्तो रूखो बोलीले के बिकाउँछ र हजुर
इमानले पो टिकाउँछ मान्छेलाई बेइमानीले के टिकाउँछ र हजुर
यति पढेँ र उति पढेँ भनेर गर्व गर्छन् मान्छेहरू हिजोआज तर
जिन्दगीले दिनहुँ सिकाउनेजति किताबले के सिकाउँछ र हजुर ?

घमण्डीलाई सम्झन कसैले नरम मान्छे मुटुमै पस्दछ पक्का
आफूले आफैँलाई महान् ठान्ने मान्छे सधैँ भ्रममै बस्दछ पक्का
अर्काले तपाईं भनेको पो राम्रो आफैं मपाईं बन्नुहुन्छ महोदय !
माथि उठ्ने त हलुङ्गो मात्रै हो गरूङ्गो त पिँधमै खस्दछ पक्का ।

तिम्रो गाउँपाखा नै मन पर्छ म के गरूँ
तिम्रो त्यो सुरिलो भाका नै मन पर्छ म के गरूँ
धरोधर्म अरू केही लाग्दैन तिमीजस्तो सुन्दर
तिम्रा ती आँखा नै मन पर्छ म के गरूँ ?

मैले शिखर चढ्नु नै छ जसले खुट्टा ताने तानून्
मैले बाटो बिराउँदिनँ सही गलत ठाने ठानून्
झुक्न मैले जान्या छैन विनागल्ती कहिले पनि
स्वाभिमानले बाँच्छु सधैँ घमण्डी नै माने मानून् ।

जति जति पीडा उति मुस्कुराउँछु अचेल
जिन्दगीलाई गीत बनाई गुनगुनाउँछु अचेल
दुःख फिट्न सिकेकी छु धन्य ईश्वर मैले
आफ्नै पीडा गजल बनाई सुनाउँछु अचेल ।

जीवनका धेरै लडाइँहरू लड्दै गर्दा रोएँ
सङ्घर्षका उकालाहरू चढ्दै गर्दा रोएँ
तिमीलाई नसम्झेको पल छैन कति मेरो
अरू त अरू तिम्लाई सम्झी गजल पढ्दै गर्दा रोएँ ।

मित्रतालाई कहिल्यै नतौलनू धनसँग
आफैँलाई द्विविधा भए सोध्नू आफ्नै मनसँग
मित्र नै त खडा हुन्छ तिमीलाई दुःखसुख पर्दा
धनका लागि कहिल्यै टाढा नहोऊ प्रियजनसँग ।

आफ्नैलाई देख्दा मुन्टो फर्कनेहरूलाई के भनौँ
स्वार्थ पूरा भएपछि टाढा तर्कनेहरूलाई के भनौँ
सम्बन्धमा त चिनी घोल्न कोसिस गर्नुपर्छ ए हजुर
उल्टै झन् नुनखुर्सानी छर्कनेलाई के भनौँ ।

अर्कालाई नै खुशी पार्न बाँच्नुपर्छ भन्ने छैन
अर्कालाई नै देखाउनै हाँस्नुपर्छ भन्ने छैन
आफ्नो जिन्दगीको मालिक आफू नै हुनुपर्छ
अर्काको नै इसारामा नाच्नुपर्छ भन्ने छैन ।

भित्र खोक्रो बाहिर बोक्रो बनाउँछ मान्छे
कुहिएर भित्रभित्रै गन्हाउँछ मान्छे
कतिन्जेल पो छोपिन्छ र टालटुल मात्रै पारी
चरित्रैले हैसियत जनाउँछ मान्छे ।

मलाई मन पराउनेदेखि टाढा भागी गल्ती गरेँ
जिन्दगीमा निष्ठुरीको पछि लागी गल्ती गरेँ
आँसुबाहेक केही पाइनँ उसलाई आफ्नो ठानेदेखि
चोट मात्रै दिनेसँग हाँसो मागी गल्ती गरेँ ।

कुन पाखामा जन्मन्छ ऊ कुन ठाउँमा फुल्छ हजुर
कहिले हुन्छ लज्जावती कहिले छिनमै खुल्छ हजुर
एकै ठाउँमा रहिरहने त उही रूखबिरूवा मात्रै हो नि
मान्छेको जात चलायमान छ बाँचुन्जेल त डुल्छ हजुर ।

यो भाग्यको भुमरीमा धेरै कुरा सिकेकी छु
अनुशासन के हो सीमा धेरै कुरा सिकेकी छु
समय नै सबैभन्दा ठूलो रै'छ पाठशाला त
दिनहुँ मैले जिन्दगीमा धेरै कुरा सिकेकी छु ।

हृदयलाई वहलाउन त डाँडापाखा राम्रो चाहिन्छ
सुनिरहुँ लाग्न त गीतको भाका राम्रो चाहिन्छ
खोटमाथि खोट लाएर हुन्न हजुर अर्कालाई
अरु राम्रो देख्न त आफ्नै आँखा राम्रो चाहिन्छ ।

,

बाँच्न खातिर दौडधुप गर्दा गर्दै मर्छ मान्छे
यताउता आफ्नो बसाई सर्दा सर्दै मर्छ मान्छे
दुःख अनि सङ्घर्षलाई पार गर्छु भन्दा भन्दै
त्यही दुःख को भुमरीमै पर्दा पर्दै मर्छ मान्छे ।

जिन्दगी ले जे दिन्छ रमाउन सक्नुपर्छ
गलत छोडी सही बाटो समाउन सक्नुपर्छ
धन-सम्पत्ति धेरै कमाई को नै ठूलो भा'को छ र
मरी जाँदा मलामी पो कमाउन सक्नुपर्छ ।

जिन्दगीको रङ्गमञ्चमा आफैँलाई खेलाउँछु
कहिले दुःख कहिले सुख गन्छु आफैँ केलाउँछु
हिम्मत सारा जुटाएर अघि बढ्न खोज्दा पनि
कहिलेकाहीँ त मान्छे नै हुँ त्यसै त्यसै सेलाउँछु ।

तिमी छौ र यो जिन्दगी सदावहार भा'छ प्रिय
तिमी मेरो सर्वस्व हौ भन्न मन ला'छ प्रिय
परिपूरक एकअर्काको नङ-मासु तिमी र म
अजम्म्बरी प्रित हाम्रो तिम्लाई मलाई था'छ प्रिय ।

यिनै छन् र सधैँभरि मुस्कुराउँदै हाँसेकी छु
यिनै छन्  र दुःखलाई कुल्चिएर बाँचेकी छु
यिनैकै वरिपरि मेरो घुमेको छ ब्रह्माण्ड नै
यसैले त जिन्दगीलाई गीत बनाई नाचेकी छु ।

कोल्टे फेर्दै अनिदोमै बिते कति रातहरू
पाइलैपिच्छे कति भेटेँ प्रतिरोध र घातहरू
धेरै फाटे जुत्ता-चप्पल जिन्दगीको दौडाइमा
च्यातिएर कति गए सपनाका खातहरू ।

रोएकी थिएँ म हँसाएर गयो
प्रितको डोरी कसाएर गयो
उसको जालमा पर्दिनँ सोच्थेँ
आखिर प्रेममै फसाएर गयो।

दिनदिनै बेचिएर रमाउँछ मान्छे
इमान-जमान गुमाएर कमाउँछ मान्छे
पैसाबाहेक केही हेर्दैन दायाँ अनि बायाँ
पैसा खातिर दुष्टको पाउ समाउँछ मान्छे।

मलाई खेद्न खोज्नेहरू आफैं पाखा लाग्छन्
मेरा कुरा काट्नेहरू एक दिन पक्कै थाक्छन्
म त हिँड्छु समाजमा शिर ठाडो पारी
साँचो सधैं डटिरहन्छ झुठाहरू भाग्छन् ।

दुःख-सुख जस्तै भए नि मेरो जीवन चलेकै छ
धन साथमा नभए नि दुई छाक चुल्हो बलेकै छ
एकान्तमा रोए पनि बाहिर खुशी देखिन्छु म
त्यसैले त जल्न हरू मलाई देख्दा जलेकै छ ।

थोत्रो साइकल चढे पनि कारझैँ लाग्थ्यो पहिले हजुर
जस्तो कारै चढे पनि रम्दैन मन अहिले हजुर
जति खोज्छु बिर्सनलाई त्यति घुम्छ आँखाभरि
ती पुराना अभावका दिन भुल्ने छैन कहिले हजुर ।

समाजमा ठाडो शिर नभए त के जिन्दगी
बोलीमा विश्वास र थिर नभए त के जिन्दगी
बाँच्न पनि चाहिन्छ नि केही न केही बहाना त
अलिकति खुशी र पिर नभए त के जिन्दगी ।

गाउँमै जन्मिएर होला मलाई धेरै गाउँकै माया
आफू खेली हुर्किएको त्यही सुन्दर ठाउँकै माया
छाती चिरी देखाउन मिल्ने भए देखाइदिन्थेँ
सबैभन्दा धेरै मलाई आफ्नै आमाबाउकै माया ।

आफ्नैसँग टाढिएर पराईसँगै खुलिसक्यौ
कहिले यता कहिले उता धेरै ठाउँ डुलिसक्यौ
भागदौडमै भ्याइनभ्याई कुदेको छ अचेल मान्छे
साँच्चै हजुर मन खोलेर हाँस्नसमेत भुलिसक्यौ ।

कति रोएँ नियतिले हामी दुईलाई लुट्दाखेरि
तिमीभन्दा धेरै रोएँ प्रिय तिमी टुट्दाखेरि
तिम्लाई फरक पर्‍यो कि नाइँ थाहा छैन मलाई
मेरो भने धर्ती फाट्यो तिम्रो साथ छुट्दाखेरि ।

सँगै बाटो हिंडौं भन्थेँ, तिम्ले कहाँ मान्यौ र त
तिम्रो आफ्नै हुँ म भन्थेँ, कहाँ आफ्नो ठान्यौ र त
अरू के नै माग्या थेँ र केवल प्रेम मागेको थिएँ
तिम्ले माया गर्छु भन्नसमेत कहाँ जान्यौ र त ।

हेर्न मन छ उदाएको जून बनी तिमी
हेर्न मन छ टल्किएको सुनसरि तिमी
आँखा खोल्दा बन्द गर्दा देखुँ तिम्लाई मात्र
सुन्न मन छ गुन्जिएको धून बनी तिमी ।

काम गर्ने मान्छेले त कुरा ठूला गर्दैन भो
नचाहिँदा गफ चुट्न त्यसै अघि सर्दैन भो
पहाड फोर्ने धाक लाउँछन् सिन्को केही नभाँच्नेले
काम गर्नेले काम देखाउँछ गफ गर्नै पर्दैन भो ।

अर्कालाई प्रशंसा गर्न हजुर अति गाह्रो मान्छ मान्छे
अरूलाई काँध दिनुको सट्टा उल्टै खुट्टा तान्छ मान्छे
धनको अति घमण्ड गर्छन् खै किन हो अचम्म लाग्छ
खसालेर अर्कालाई बोल्दा आफूलाई महान् ठान्छ मान्छे ।

हृदय छ खुल्ला मेरो सबलाई माया दिएँ हजुर
सबलाई छिट्टै विश्वास गर्ने साँच्चै सोझी थिएँ हजुर
मलाई के थाहा बोली एउटा व्यवहार एउटा गर्छन् मान्छे
मसँग टाढिन खोज्नेसँग मै आफैँ पन्छिएँ हजुर ।

थोरै पीडा धेरै खुशी साँच्न जानेकी छु
आँखाभरि आँसुसँगै हाँस्न जानेकी छु
तिम्रै जीवन लथालिङ्ग नदेऊ मलाई अर्ति
मैले आफ्नै तरिकाले बाँच्न जानेकी छु ।

अचेल हजुर रूँदारूँदै हाँस्ने बानी परेको छ
दुःखसँगै गहिरो नाता गाँस्ने बानी परेको छ
जति हुरी चले पनि जति आकाश गर्जे पनि
हन्डर ठक्कर सहेर नै बाँच्ने बानी परेको छ ।

सम्बन्ध नै तोड्यौ तिम्ले सानो गल्ती हुनासाथै
छिट्टै टाढा भइहाल्यौ आँसु झारी रूनासाथै
छिट्टै भुल्यौ तिम्ले तिम्रो आफ्नो धरातललाई
आफू महान् ठानी हाल्यौ अग्लो सिँढी छुनासाथै ।

तिम्ले मैले सँगै टिप्या काफल राता नबिर्सनू
हृदयले हृदयलाई रोज्या नाता नबिर्सनू
तिमी र म साथ हुँदाका सबै कुरा बिर्से पनि
खोला तर्दा हाम्ले ओढ्या एउटा छाता नबिर्सनू ।

जिन्दगी आफ्नै तालमा हिंड्न दे सधैं कति कराउँछस् मलाई
जिन्दगी म खुशी भई बाँच्न चाहन्छु किन दुखी गराउँछस् मलाई
धेरैलाई वसमा पारिस् तैँले धेरैलाई हार माने तँसँग
जिन्दगी अहँ डग्मगाउदिनँ मैले हार मानेपो त हराउँछस् मलाई ।

बाआमाको बास जहाँ छ त्यो पवित्र ठाउँ नै हो
गल्ती तिम्रा माफ गर्दै भन्छ कोखको घाउ नै हो
आफू सधैंभरि हारी हारी सन्तानलाई जिताउने
अरू कसले त्याग गर्छ र आखिर त्यो बाउ नै हो ।

कयौँ पटक पोखियो जिन्दगी
धेरै चट्टानमा ठोकियो जिन्दगी
समयले परीक्षा लिइरह्यो सधैँ
धेरै ठाउँमा जोखियो जिन्दगी ।

म त हेर तिम्लाई देखेर पनि खुशी हुने
एकै पाइला तिम्रो शहरमा टेकेर पनि खुशी हुने
तिम्ले मसँग बोलचाल नै बन्द गरे पनि
म भने तिम्रो नाम जपेर पनि खुशी हुने ।

अँध्यारो बादल धेरै देखेँ खुलेको आकाश देख्न मन छ
काँडाले मात्रै कोपिराख्यो फूलमाथि मलाई टेक्न मन छ
एकैनासको भोगाइ हजुर एकैनासकै दौडाइ उस्तै
ए जिन्दगी अब मलाई नयाँ कहानी लेख्न मन छ।

हिजोआज म त निक्कै खबरमा छु प्रिय
किनकि म अचेल तिम्रो शहरमा छु प्रिय
अरू केही यी नयनले खोज्या छैनन् हेर्न
एकै झुल्को तिम्लाई हेर्ने रहरमा छु प्रिय !

तिम्रो साथ पाएदेखि हिमालजस्तै खुलेकी छु
ढकमक्क  फक्रिएको गुराँसजस्तै फुलेकी छु
हात दिने तिमी नै छौ यात्रा जस्तो भए पनि
त्यसैले त हाँसी हिँड्छु पिर सारा भुलेकी छु ।

सुख खोज्ने इच्छा भए दुःख गन्न सक्नुपर्छ
माथि पुग्ने इच्छा भए सानो बन्न सक्नुपर्छ
मरेर नि बाँचिरहने यदि मनमा रहर भए
बाँचुन्जेल म होइन हामी भन्न सक्नुपर्छ ।

नुग्छ, झुक्छ त्यही मानछे जसमा राम्रो संस्कार
अनुशासन, नैतिकता उसलाई चिनाउने आधार
नम्र मान्छे, शीतल मान्छे उचाइ चढ्या हुन्छन्
छिट्टै पतन त्यसको हुन्छ जसमा बढी अहंकार ।

कम्ती त्याग गऱ्या थिइनँ तिमीलाई भेटाउन
तयार थिएँ तिम्रा लागि घाँटी रेटाउन
जानी जानी बाजी हारेँ जिताउन तिमीलाई
तिम्ले सुरुङ खनिदियौ मैलाई मेटाउन ।

अर्कालाई वचनका बाँण हान्न जानिएन
झूठा गफले आफूतिर तान्न जानिएन
लप्पनछप्पन जान्या छैन मन छ सधैँ सफा
सबै उस्तै कोहीलाई दुश्मन ठान्न जानिएन ।

पहिले थियो शान्तिक्षेत्र द्वन्द्व ताजा जन्मायौँ हाम्ले
केही बज्ने केही नबज्ने धेरै बाजा जन्मायौँ हाम्ले
सानाठूला धेरै दल छन् तिनै दलका नेता पुज्छौँ
एउटा राजा फाल्यौँ तर धेरै राजा जन्मायौँ हाम्ले ।

जिन्दगीले धेरै कुरा देखाउँछ पक्का
मै हुँ भन्नेलाई नि घुँडा टेकाउँछ पक्का
सोचेजस्तो हुन दिन्न प्रायः कसैलाई नि
आँसु, हाँसो सबको भागमा लेखाउँछ पक्का ।

आफू निक्कै बुद्धिजीवि ठान्थेँ मैले पैले पैले
ज्ञानगुनका कुरासमेत गर्दै हिँड्थे कैले कैले
अर्काले गऱ्या कुरा छिट्टै विश्वास गरिहाल्ने
सबैभन्दा बेफकुफ रै'छु बल्ल बुझ्दै गा'छु अैले ।

तिम्रो कुरा नगरेको दिन छैन प्रिय
तिमीलाई नसम्झेको एकछिन छैन प्रिय
तिम्रो माया सापटीमा मागेँ धेरैचोटि
त्योभन्दा अरू मेरो ऋण छैन प्रिय !

कहाँ बिर्सेकी छु र आँगेना र चुल्होलाई
खेली हुर्किएको त्यो माटो त्यो धुलोलाई
धानका भारी बोकी बोकी गामबँसी गरेको
कहाँ बिर्सेकी छु र टारी खेत त्यो कुलोलाई ।

मनले मनको साथ माग्यो तिम्ले हेरेपछि
पिरतीको रहर जाग्यो तिम्ले हेरेपछि
तिमी कति प्रिय मेरो यति भन्छु बुझ
आफैँसँग लाज लाग्यो तिम्ले हेरेपछि ।

चाहिनेभन्दा बढी चिल्लो घस्नेसँग डर लाग्छ
मन नलगाइ अँगालोमा कस्नेसँग डर लाग्छ
खुल्लमखुल्ला दुश्मनी गर्नेसगँ के डराउनू
मुखले नजिक बनी बनी डस्नेसँग डर लाग्छ ।

सुक्या खरमा आगो लागे सल्किहाल्छ एकैछिनमा
आधा गाग्रो पानी भए छल्किहाल्छ एकैछिनमा
म त यस्तो म त उस्तो भन्नै तिम्ले केही पर्दैन
तिम्रो संस्कार बोलीबाटै झल्किहाल्छ एकैछिनमा ।

तिमी बदलिएर के भो, तिम्रो बोली बिर्सेकी छैन
तिमी टाढिएर के भो, खेलेको होली बिर्सेकी छैन
तिम्रो र मेरो बाटो अलग्गिएर के भो र आज
हात समाई हामी दुईले तरेको खोली बिर्सेकी छैन ।

कालीलाई पनि गोरीझैँ देखाइदिन्छ
कोदोलाई पनि तोरीझैँ देखाइदिन्छ
अचेलका फोटाको के भर पर्नु हजुर
आमालाई पनि छोरीझैँ देखाइदिन्छ ।

त्यसै त्यसै हराएछु नजर जुधेपछि
कता कता डराएछु नजर जुधेपछि
नजरमै जुधे पनि अन्तै थ्यो कि मन
असाध्यै मन पराएछु नजर जुधेपछि ।

नजरैले तिर हान्यौ भाग्ने ठाउँ पाइनँ मैले
तिम्लाई छोडी अन्त कतै लाग्ने ठाउँ पाइनँ मैले
।दयमा तिमी बस्यौ कल्पनामा तिमी तिमी
देउतासँग अरूलाई माग्ने ठाउँ पाइनँ मैले ।

खुल्ला किताब छ यो जीवन कसलाई के लुकाउनु छ र
मरी जाने जिन्दगी यो कसको दिल दुखाउनु छ र
कोहीले मानो भर्दिदैन जस्तै दुःख परे पनि
विनागल्ती अर्कासामु किन शिर झुकाउनु छ र ?

इमानदार मूलमन्त्र उसको बरु आफ्नो दुःख लुकाएर खुशी हुन्छ
अरुलाई दुखाउन चाहँदैन बरु ऊ आफैँलाई दुखाएर खुशी हुन्छ
सज्जन मानिस र अहंकारी मानिसहरुमा यौटा फरक देख्छु मैले
सज्जन आफू झुकेर खुशी हुन्छ तर अहंकारी झुकाएर खुशी हुन्छ।

न कसैलाई जित्नु छ मैले, न कसैसँग हार्नु छ मैले
न कसैसँग मीत लाउनु छ मैले, न कसैलाई पानी बार्नु छ मैले
लडाइँ, झगडा, तँछाड, मछाड केका लागि कुन्नि
कसैलाई चोट नपुऱ्याई आफ्नै जीवन गुजार्नु छ मैले ।

बादलभित्र जून लुक्दा तिम्लाई सम्झिएँ
कालो मेरो केश फुक्दा तिम्लाई सम्झिएँ
भमराले प्रित पोख्यो फक्रिएको फूलमा
यिनै मेरा नयन झुक्दा तिम्लाई सम्झिएँ।

गाँउ, शहर जताततै तिमी छाए पुग्छ प्रिय
सपनामै भए पनि भेट्न आए पुग्छ प्रिय
नाम कमाई ठूलो मान्छे बन्ने रहर छैन कत्ति
तिम्रो मुखले मेरो तारिफ सुन्न पाए पुग्छ प्रिय !

घाम-पानी आँधी-हुरी छेक्दै गा'छ जीवन
कहिले आँसु, कहिले हाँसो देख्दै गा'छ जीवन
दुःख-सुख जे भए नि डटेकै छु अझै
आफ्नै अक्षर, आफ्नै रङ्गमा लेख्दै गा'छ जीवन ।

छिट्टै मात्छ धनको गन्ध सुँघ्यो भने मान्छे
उम्लिहाल्छ अलि माथि पुग्यो भने मान्छे
फल्या हाँगो नुग्छ सधैँ थाहा छ र पनि
सानो हुन्छु भन्ने ठान्छ नुग्यो भने मान्छे ।

ठाउँ-ठाउँमा गुण्डागर्दी टम्मै छ मेरो देशमा
पैसाले न्याय किन्नेसम्मै छ मेरो देशमा
निर्दोष बरू जेल पर्छ अपराधी खुल्ला डुल्छ
दिनहुँ चेली बलात्कृत अचम्मै छ मेरो देशमा ।

सम्पत्तिले बाँडिदिन्छ भाइ-भाइको मन पनि
भागवण्डाले लडाइदिन्छ आफ्नै प्रियजन पनि
उही आमाको कोखबाट जन्मिएका भाइ लड्छन्
अचम्मैको हुँदो रै'छ दौलत र यो धन पनि ।

कहिले हाँसो कहिले आँसु जीवनको के टुक्रो हुन्छ
कोहीले भन्छन् सबैभन्दा गह्रुङ्गो त दुक्रो हुन्छ
आँसुभन्दा गह्रुङ्गो चिज भेट्या छैन धरोधर्म
त्यसैले त रूँदाखेरि यो मन क्या हलुङ्गो हुन्छ ।

जीवनभरि रूनुपर्‍यो तिम्लाई प्रेम गर्‍या भएर
त्यही मर्स्याङ्दी बिर्स्या छैन सँगै तर्‍या भएर
तिम्लेजति आँसु दिई मलाई कोहीले रूवाएन
यी आँसु नि प्रिय लाग्छन् तिम्ले गर्दा झर्‍या भएर ।

आँसु पनि मुस्कुराउँछ तिम्ले देखेपछि
यो धर्ती नै सुन्दर भयो तिम्ले देखेपछि
बल्ल पूर्ण नारी भएँ तिम्रो आगमनले
छल्क्यो आँसु 'आमा' भनी तिम्ले लेखेपछि ।

गणतन्त्र ल्याउन खातिर कयौँ घाइते बन्नेहरू
जहाँको त्यहीँ छन् हजुर पाखोबारी खन्नेहरू
चप्पल लगाई हिँड्ने नेता महलका मालिक बने
आफैँ मात्रै बदलिए देश बदल्छौ भन्नेहरू ।

कहिले प्रचण्ड घाम त कहिले बाक्लिटो छेकेकी छु
कहिलेउचाइशिखरमातकहिलेखाल्टोमाटेकेकीछु
एक छिनको वाहवाहीले ममा मात चढ्दैन कत्ति
सूर्यसमेत साँझ नपर्दै अस्ताएको देखेकी छु ।

गाउँ छोडेर परदेसिने खै यो कस्तो रहर हजुर
झलझली सम्झिरहन्छु ती मूलबाटा, डहर हजुर
दुङ्गे छानो ठूलो आँगन गाउँभन्दा स्वर्ग काँ हुन्छ र
कोठाभित्र बन्दी जीवन यही त होला शहर हजुर ।

धेरै पटक मन दुखेको अहिले पनि छाप छ
दुःख पर्दा जिन्दगीमा कस्ले पो काँध थाप्छ
दिन सप्रेमा शत्रु पनि बन्छन् बल्ल मित्र
बल्या आगो ताप्छन् सबै कोइला कस्ले ताप्छ ।

तिमीले त भुल्यौ प्रिय वरिपरि मै त थिएँ
तिमी रुँदा आँसु पुछ्ने घरिघरि मै त थिएँ
तिम्रो साथ दुनियाँले एकाएक छोड्या बेला
तिम्रो काँधमा काँध मिलाउने बराबरी मै त थिएँ ।

जीवन जिउने तरिका त खास हुनुपर्छ
अघि बढ्न सकारात्मक आस हुनुपर्छ
अरूले त पछार्नलाई धेरै कोसिस गर्छन्
आफैँभित्र दह्रो आत्मविश्वास हुनुपर्छ ।

अलिनोले त मुख सुकाउँछ चर्कोको के कुरा
कम्मलले त जाडो हुन्छ बर्कोको के कुरा
कसले यहाँ रङ्ग बदल्छ नसोध दाइ मलाई
आफ्नै मन त बदलिन्छ अर्कोको के कुरा ।

तिमी अघि बढ्यौ भने लाग्छन् शत्रु अरू
मनले नजिक ठानेका नै टाढा हुन्छन् बरू
जसले पनि स्याबास भने प्रगति नै गरिँदैन
दुई–चारजना चाहिन्छन् हो कुरा काटनेहरू ।

देश कहिले फर्कुँला खै दोधार त यसमा छु
सुहाओस् या नसुहाओस् यै विदेशी भेषमा छु
दिनरात यही चिन्ताले पोल्ने गर्छ भित्र भित्रै
मुटुभरि देश बोक्छु आफू भने विदेशमा छु ।

मलाई ढाल्न खोज्नेहरू आफैँ ढलेर गए
मलाई जलाउन खोज्नेहरू आफैँ जलेर गए
तिनीहरूलाई के थाहा मभित्र कति छ तागत
मलाई गलाउन खोज्नेहरू आफैँ गलेर गए ।

जति मै हुँ भने पनि ढलेर जान्छ आखिर जीवन
बाँच्ने रहर हुँदाहुँदै छलेर जान्छ आखिर जीवन
खाइनखाई धन जोड्यो अजम्बरी छु भैँ गर्‍यो
दनदनी दाउरासरि बलेर जान्छ आखिर जीवन ।

तिम्रा लागि जति खुशी कोहीका लागि माग्दैन भो
तिम्लाई जति अरू कोहीलाई यो मनले ताक्दैन भो
न त मिल्छ जम्मा गर्न न त मिल्छ नाप्न जोख्न
धरोधर्म तिम्रो जति माया कोहीको लाग्दैन भो ।

देख्छु दुनियाँ मोजमस्ती वाहवाही रमझम मात्रै
तिम्ले केवल लगाउँछौ शब्दरूपी मलम मात्रै
सम्पत्तिको दम्भ भए मेरो छेउछाउमै नआऊ
मसँग त के छ र खै यही कापी र कलम मात्रै ।

सानी थिएँ त्यतिवेला ठुली बन्ने रहर थियो
मेरो पनि सपनाको छुट्टै सुन्दर शहर थियो
जति उमेर बढ्यो त्यति जीवन बुझ्न गाह्रो
लाग्छ अहिले त्यही उमेर उत्तम प्रहर थियो ।

मलाई शत्रु पनि मित्र बनेको मन पर्छ
मलाई धेरैले प्रियजनमा गनेको मन पर्छ
तिमी र ममा यही त फरक छ महोदय !
तिमी सधैँ 'म' भन्छौ, मलाई 'हामी' भनेको मन पर्छ ।

तिम्ले खोज्यौ चुँडाउन तर पनि फुलेकी छु
तिम्ले चोट दिए पनि हाँसी हाँसी भुलेकी छु
तिम्ले दाग लगाइदियौ मलाई कुरूप बनाउने
हेर त म त्यही दागले पो झन् बढी खुलेकी छु ।

पन्यूसँगै भान्सामा पसेकी छु कलम लिई
दुष्टजनलाई अक्षरले नै डसेकी छु कलम लिई
आत्तालिन्नँ जस्तै ठूलो आँधीहुरी आए पनि
यो शकुन त कम्मर कसी बसेकी छु कलम लिई ।

तिम्लाई दुख्दा मलाई पनि दुख्छ र त रोएँ
तिम्ले हार्दा मेरो शिर झुक्छ र त रोएँ
दुःखमा नि झर्छ आँसु खुशीमा नि बग्छ
तिम्रो खुशी देख्न पाए पुग्छ र त रोएँ ।

कहिले मुक्तक, कहिले गजल, कहिले गीतमा सर्दै गएँ
कविता नै कोरी कोरी कापीहरू भर्दै गएँ
रमाउनै सकिनँ म अरू केहीमा खै किन हो
सिर्जनामै आफूलाई समाहीत गर्दै गएँ ।

व्यवहार र चिन्ताले नै किन्दो रै'छ जीवन
आँधी अनि भुमरीले थिच्दो रै'छ जीवन
जिन्दगीमा सपना त धेरै देखें तर
भोलि, भोलि भन्दाभन्दै बित्दो रै'छ जीवन ।

धेरै पटक गरें मैले तारा अनि जूनका कुरा
आज गर्न मन लाग्यो मेरा अनि उनका कुरा
पटक पटक टिपायौं तिम्रा मेरा गल्ती हाम्ले
आज गर्न मन लाग्यो केवल तिनै गुनका कुरा ।

तिम्ले मलाई जित्नू भन्छौ, म त हार्दा रमाउँछु
तिम्रो जीतमा हर्षका ती आँसु झार्दा रमाउँछु
तिम्ले सधैँ भनिरहन्छौ उचाइमा पुग्नू तिमी
उचाइ होइन म त तिम्ले जालमा पार्दा रमाउँछु ।

जसले गर्दा कवि बनेँ उनले थाहा पाए हुन्थ्यो
कहिलेकाहीँ त स्रोता बनी मलाई भेट्न आए हुन्थ्यो
गीत, कविता, गजल कोर्छु उनैलाई नै सम्झी सम्झी
कहिलेकाहीँ त मैले लेख्या उनले गुनगुनाए हुन्थ्यो ।

केको तेरो केको मेरो चारै दिनको जिन्दगानी
अजम्बरी छु भौँ गर्छन् मान्छे किन जानीजानी
मरेपछि फूलका माला चढाउँछन् श्रद्धाञ्जलि
बाँचुन्जेल बोलचाल बन्द रिस-डाह खिचातानी ।

समयको गतिसँगै वहन सक्छु डराउदिनँ
जस्तै गाली, आलोचना सहन सक्छु डराउँदिनँ
बलियो छ पाइला मेरो लर्बरिन्न कहिले पनि
दह्रो खुट्टा उभिएर रहन सक्छु डराउँदिनँ ।

कस्तो हुन्थ्यो फर्किएर बालापनलाई छुन पाए
पहिलेजस्तै लडाइँ-झगडा गरी गरी रून पाए
स्कुल पढ्दा जहिले पनि योटै बेन्चमा बस्ने हामी
कस्तो हुन्थ्यो तिनैसँग अहिले भेट हुन पाए ।

तिम्ले मलाई हेर्‍या बेला नदेखेझैँ गर्छु म त
खाली कागज कतै देखे तिम्रै नामले भर्छु म त
जीवनसँगै बिताउन नपाए नि खुशी छु म
तिम्ले मेरो नाम लिदाँ नै त्यसै दङ्ग पर्छु म त ।

टाढा हुँदा तिम्रै मात्र कल्पनामा हराउँछ मन
तिम्रै यादमा पागलसरि बेला बेला कराउँछ मन
जब जब तिम्लाई देख्छु कस्तो अचम्म हो फेरि !
जम्काभेटमा तिमीसँग बोल्नसमेत डराउँछ मन ।

आफैं मपाईं पल्टिनेलाई ज्यू-ज्यू हजुर भन्न छोडें
त्यस्ताहरूसँग अचेल अति नरम बन्न छोडें
चुल्हो कोहीले बाल्दिँदैन, किन झुक्नु विनासित्ति
अर्कोलाई नगन्नेलाई मैले पनि गन्न छोडें ।

तिम्लाई मन पराउनेको भीडमा यौटा पुजारी म पनि त छु
तिम्ले दिएमा अञ्जुली थाप्ने प्रेमको भिखारी म पनि त छु
तिमी मदेखि  तर्किए पनि मलाई देख्दा अन्तै फर्किए पनि
तिम्रो नामसँग मेरो नाम आँउदा तिमीप्रति आभारी म पनि त छु ।

अर्कालाई प्याच्च बोल्नेले आफूलाई विद्वान् मान्या हुन्छन्
जो मानिस कम बोल्ने गर्छन् उसलाई कमजोर ठान्या हुन्छन्
जे पायो त्यही बोल्न त जसलाई पनि आउँछ नि हजुर
कति बेला के बोल्ने भन्ने कमैले मात्रै जान्या हुन्छन् ।

कोही युरोप, अमेरिका, मलेसिया, कतारमा छौं
युवाशक्ति सकेसम्म देश छोड्ने हतारमा छौं
मलिला ती खेत-बारी बाँझै चौर बनाएर
अझै हामी अर्काको देश धनी पार्ने रफ्तारमा छौं ।

हावा धेरै चल्यो भने हुरी बढ्दो रै'छ
बिचार मिल्न छोडे मनको दुरी बढ्दो रै'छ
देख्छु नयाँ नयाँ धनी भा'का मानिसहरू
अरूभन्दा तिनको चुरीफुरी बढ्दो रै'छ ।

तिम्रा लागि सारा धर्ती-आकाश किन्थेँ मैले
बरू आफ्नो भागको खुशी आफैँ छिन्थेँ मैले
धम्काएर बोल्यौ र त मै डराउनु पर्‍यो
हाँसी हाँसी माग्या भए ज्यानै दिन्थेँ मैले ।

स्कुल पढ्दा हाँसेको, खेलेको याद पटक्कै गाकै छैन
मैले ती सबैलाई कहाँ भेट्नु त्यस्तो मौका पाकै छैन
आज पनि सम्झन्छु म ती साथीका अनुहारहरू
एसएलसीको परीक्षापछि भेट कहिल्यै भाकै छैन ।

म सधैँ नम्र बोल्छु हजुर झुकेको नसम्झनु होला
अरुसामु निहुरिन्छु सधैँ चुकेको नसम्झनु होला
चर्काचर्की तँ तँ म म मनै पर्दैन कत्ति मलाई
आफ्नै परिधिमा रमाउँछु लुकेको नसम्झनु होला।

बित्ने आखिर दिन, महिना अनि वर्ष रै'छ हजुर
जीवन भन्नु कहिले आँसु, कहिले हर्ष रै'छ हजुर
आजसम्म आइपुग्दा मैले यति बुझ्न सकेँ
जिन्दगीको अर्को नाम त सङ्घर्ष नै रै'छ हजुर।

अर्कालाई नचाहिने आरोपमा पोल्दैन बुद्धिमानले
जो पायो त्यहीसँग गोप्य कुा खोल्दैन बुद्धिमानले
बोलीबाटै थाहा हुन्छ कसको औकात कस्तो भन्ने
जस्तै रिस उठे पनि अपशब्द बोल्दैन बुद्धिमानले ।

नाता अनि सम्बन्ध त पुलजस्तै हुनुपर्छ
सम्बन्ध त सधैँ सङ्लो मूलजस्तै हुनुपर्छ
जता फाइदा उतै झुक्ने सूर्यमुखी हुनुहुन्न
सम्बन्ध त बाह्रैमासे फूलजस्तै हुनुपर्छ ।

रिस सबैलाई उठ्छ कोही झगडा गर्न अघि सर्छन् कोही सर्दैनन् त्यत्ति फरक हो
आँखामा आँसु सबैको हुन्छ कोहीको झर्छन् कोहीको झर्दैनन् त्यत्ति फरक हो
दुःख सुख, आँसु हाँसो त सबैको जीवनको हिस्सा नै हो हजुर
आफ्ना दुःखहरू कसैले व्यक्त गर्छन् कसैले गर्दैनन् त्यत्ति फरक हो ।

जिन्दगी सामान त होइन तर पनि सामानझैं जोखिन्छ बेलाबेलामा
हण्डर कति खाइरहन्छ जिन्दगी ठाउँठाउँमा ठोकिन्छ बेलाबेलामा
देख्दा आँखा सानै हुन्छन् तर पनि आँसु भने कति हो कति
आँखा पोखरी होइनन् तर पनि भरिएर पोखिन्छ बेलाबेलामा ।

म आफैँमा मग्न छु एक्लोपनले फरक गर्दैन कत्ति
फोस्रो आडम्बर र धनदौलतको रवाफले मन हर्दैन कत्ति
मान्छे एकदम सरल छु म जीवन उस्तै साधरण छ मेरो
त्यसै त्यसै मै हुँ भन्नेहरू पटक्कै मन पर्दैन कत्ति ।

सफा अनि खुलेको आकाश कति सुन्दर नीलो हुन्छ
सत्य बोल्ने मान्छेको मुहार सधैँ चम्किलो हुन्छ
देखावटी आडम्बरले बाँच्न साह्रै कठीन हजुर
सच्चा अनि सरल बनौँ जीवन जिउन सजिलो हुन्छ ।

इमानदारिता मूल मन्त्र उसको बरु आफ्नो दुःख लुकाएर खुशी हुन्छ
अरुलाई दुखाउन चाहँदैन कहिल्यै बरु आफैंलाई दुखाएर खुशी हुन्छ
सज्जन मानिस र अहंकारीमा एउटै कुरा फरक हुने गर्छ सधैं
सज्जन आफू झुकेर खुशी हुन्छ अहंकारी अर्कालाई झुकाएर खुशी हुन्छ ।

सकेसम्म सहयोग गरौं अरुलाई, कसैको खुट्टा तान्नुहुन्न
आ-आफना ठाउँमा सबै ठूला छन्, आफू मात्रै ठूलो मान्नुहुन्न
जो मान्छे मलाई चाहिँदैन भन्यो, झन् त्यही मान्छे काम लाग्छ
त्यसैले जीवनमा कसैलाई पनि काम नलाग्ने ठान्नुहुन्न ।

सबैको बिचार थरीथरी सबैको एउटै मत कहाँ हुन्छ र
बोली व्यवहार एउटै सबैको हतपत कहाँ हुन्छ र
यात्रामा अघि बढ्नेले सहनुपर्छ हावा र हुरी
सबैमा आलोचना सहन सक्ने त्यस्तो तागत कहाँ हुन्छ र ?

ठूलो खुशी चाहिँदैन मलाई परिवारको खुशीमा हाँस्न पाए पुग्छ
समेटेर मेरा थोरै खुशी पनि बाँचुन्जेल तिनलाई साँच्न पाए पुग्छ
उचाइ चढ्ने र शिखर चुम्ने सपना कहिल्यैदेखिन् मैले
सफल बन्ने रहर छैन कत्ति तर असल बनी बाँच्न पाए पुग्छ ।

उसको गन्तव्य टाकुरो हुन्छ उसको सुस्त गति हुनुहुँदैन
जो सङ्घर्षसँग डराउँदैन उसको कहीँ अवनति हुनुहुँदैन
जीवनमा केही बन्ने अठोट लिनेलाई समय फालाफाल काँ हुन्छ र
अर्काको कुरा मात्रै काट्ने मान्छे त्यसको प्रगति हुनुहुँदैन ।

अघि बढ्न पाइला चालौँ हजुर पछाडिबाट तान्ने त धेरै भेटिन्छन्
मौका कुरेर वचनका वाँणले तपाईंलाई हान्ने त धेरै भेटिन्छन्
भुलेर पनि नखोल्नुहोस् हजुर आफ्ना कमजोरी अर्काको सामु
म सक्छु भन्ने अठोट गर्नोस् तपाईंलाई कमजोर ठान्ने त धेरै भेटिन्छन् ।

चाहिँदैन एकछिनको उचाइ मलाई हातले भुइँ छुनुमै गर्व छ
चाहिँदैन मलाई कसैको साहरा बरु एकान्तमै रम्नुमै गर्व छ
गर्दिनँ म कसैको देखासिकी अर्कोजस्तै बन्नलाई
म शकुन आज जे जस्ती छु आफूलाई यस्तै हुनुमै गर्व छ ।

अरूले सम्झने त्यही बोली हो बोलीमा मिठास घोल्ने गर
सकारात्मक सोच अरूप्रति सधैँ प्रेमले हृदय खोल्ने गर
त्यस्तै बोल अरूलाई पनि जस्तो तिमीलाई प्रिय लाग्छ
बोलीको पनि वजन हुन्छ महोदय तौलिएर खोल्ने गर ।

आफ्नै खुट्टामा उभिन खोज्नु भर नपर्नु कसैसँग
लहलहैमा केही काम गर्न अघि नसर्नु कसैसँग
दुःखी भइन्छ कसैबाट आस गरेर नपाउँदाखेरि
जीवनमा खुशी भई बाँच्नु छ भने आस नगर्नु कसैसँग।

मनका रहर मनमै दबाइ खुशीहरू भेट्न गाह्रो
देखेका ती सपनाका गला आफैँ रेट्न गाह्रो
बाटोभरि बटुवा त कयौँ हुन्छन् भीडमा तर
खुशी खोज्न सघाउने सहयात्री भेट्न गाह्रो ।

मौका मात्रै दिनुहोस् त नारीलाई, धेरै अघि बढ्न सक्छिन्
चाहे अफ्ठ्यारो किन नहोस्, जस्तो खुड्किला नि चढ्न सक्छिन्
एउटा सानो साङ्लो देख्दा पनि डराएर भाग्ने नारी
आमा बनेपछि बच्चाका खातिर दुनियाँसँग लड्न सक्छिन् ।

सङ्घर्षले यसरी खारिनुहोस् कि बरू आफू रून किन नपरोस्
अरूलाई आफैँले दिन पाइयोस् मागेर केही लिन नपरोस्
मिहिनेत यति गर्नुहोस् कि धेरैले सिको गरून तपाईंको
यस्तो बन्नुहोस् कि सन्तानलाई अरूको उदाहरण दिन नपरोस् ।

कतिले त जानाजान गल्ती गरी चुक्ने गर्छन्
विवादबाट बच्न कोही चूपचाप लुक्ने गर्छन्
माफी माग्ने सबैजना दोषी हुन्छन् भन्ने छैन
कयौं मानिस सम्बन्धलाई जोगाई राख्न झुक्ने गर्छन् ।

तिमीलाई सधैंभरि आफ्नो भन्न पाए पुग्छ
तिम्रै नामको अक्षरहरू सधैं गन्नु पाए पुग्छ
मलाई ठूलो उपहार केही चाहिँदैन जिन्दगीमा
अरू होइन तिम्रोनिम्ति खास बन्न पाए पुग्छ ।

खोल्साखोल्सी धेरै तरैं ठूलो खोला गर्न सकुँ
अरूका लागि थोरै भए नि मैले खुशी छर्न सकुँ
अहिलेसम्म जिन्दगीमा नसके नि केही गर्न
अब आउँदा दिनहरूमा केही त राम्रो गर्न सकुँ ।

तिमीले नै मलाई बर्बाद पार्‍यौ र त पागल भएँ
तिमीले नै अन्तै पाइला सार्‍यौ र त पागल भएँ
ढुङ्गाजस्तै कठोर बनी तिम्लाई भुल्न तयार थिएँ
अँगालोमा बेरी आँसु झार्‍यौ र त पागल भएँ ।

मजस्तो कोही छैन भन्ने मान्छे धेरैको मन पर्न सकिन्न
अर्काको डाहले जल्ने मान्छेले कहिल्यै सद्भाव छर्न सकिन्न
जो झुक्न सक्छ जो नुध्न सक्छ उसैले चुम्छ शिखर एक दिन
हेर्नुहोस् त कुवाको पानीसमेत नझुकी बाल्टीमा भर्न सकिन्न ।

कसैको प्यारो बन्नु छैन मलाई चाकडी मैले नगर्न सक्छु
यताउता गर्नुहुँदैन मलाई काफल पाक्दा डेरा नसर्न सक्छु
टन्न पैसा भए पो सबैको प्रिय हुने थिएँ हजुर
पैसा छैन मसँग त्यसैले धेरैको मन नपर्न सक्छु ।

कम्ती सुन्दर थिएन तिमीसँगै जिउने कल्पना गरेको जिन्दगी
कहाँ पो जिउन पाएँ र मैले आफूलाई मन परेको जिन्दगी
मेरो आँखाकै अघिल्तिर तिमी अर्काको बनेर गयौ
तिमीविना जसोतसो गुज्रेको छ मेरो सम्झौतामा झरेको जिन्दगी ।

कसैका होलान् सपना साकार कसैका होलान् अधुरा हजुर
चाहे ठूलो होस् या सानो मान्छे अर्कालाई दिउँ इज्जत पूरा हजुर
सधैँ यस्तै रहन्छु भन्ने भ्रम कसैले पनि नपाल्दा हुन्छ
तेजिलो सूर्य त अस्ताउँछ भने मान्छेका के कुरा हजुर ।

बिर्सेजस्तै गर्नुपर्ने भेट्ने धोको भए पनि
बाहिर हाँस्नै पर्ने मनमा पिरको पोको भए पनि
कयौँ पटक परिस्थिति अचम्मैको भइदिन्छ
अघाइसकेँ भन्नुपर्ने पेट भोको भए पनि ।

ए हजुर झर्केर बोल्नेहरू सबै घाती हुँदैनन्
मिठो बोल्नेहरू सबै सबै जाती हुँदैनन्
सबैभन्दा गाह्रो त मान्छे चिन्ने काम रै'छ
हजुर ख्याल राख्नुहोस् हात मिलाउने सबै साथी हुँदैनन् ।

मै उस्ती हुँ नि हजुर औँसीको रातमा जून खोज्ने
मै उस्ती हुँ नि हजुर विनामुरली धून खोज्ने
जसले सधैँ खोट निकाल्छ उसकै लागि मरिमेटेछु
मै उस्ती हुँ नि हजुर बैगुनीभित्र गुन खोज्ने ।

अरूलाई नडुबाए पुग्छ आफू तर्न नसके पनि
अरूलाई आँसु नदिए पुग्छ खुशी छर्न नसके पनि
हात बढाऊ सकेदेखि नसके बसिदेऊ चूपचाप
अरूलाई नबिगारे पुग्छ राम्रो गर्न नसके पनि ।

उसैमा यो नजर अड्कियो जो मेरो भाग्यमै थिएन
उसकै मात्र अभाव खड्कियो जो मेरो भाग्यमै थिएन
आफैँले सोचेजस्तो प्रेमिल जिन्दगी सबैलाई कहाँ मिल्छ र
मुटु उसकै लागि धड्कियो जो मेरो भाग्यमै थिएन ।

आफूलाई कमजोर ठान्यो भने उकालो चढ्न सकिँदै सकिन्न
अति मन डुलाउने मान्छे एक ठाउँमा अड्न सकिँदै सकिन्न
अभिमान होइन स्वाभिमान त हुनै पर्छ मानिसभित्र
नत्र त जिन्दगीमा अघि बढ्न सकिँदै सकिन्न ।